‘स्टार्टअप उद्यम कर्जा’मा थाहानगरका ४ परियोजना । पृष्ठ ५ मा

# विकास

www.bikaskhabar.com खबरपत्रिका साप्ताहिक

कार्यालय:
थाहा नगरपालिका-८
मकवानपुर
सम्पर्क नं.
९८०७१५३३००
इमेल:
bikaskhabar@gmail.com

● मकवानपुर, वर्ष-१७, अंक-२५ ● २०८१ पुस २२ गते सोमबार, ● 06 January, 2025, ● नेपाल सम्वत्-११४५, ● पृष्ठ-६, ● मूल्य रु. १०/-




## ५० प्रतिशत अनुदानमा आलुको बीउ




विकास संवाददाता
थाहानगर

मकवानपुरको थाहा नगरपालिका कृषि बिकास शाखाले आलु खेतीको लागि ५० प्रतिशत अनुदानमा नगरको वडा नम्बर ३ मा बीउ आलु बितरण गरेको छ। थाहा नगरपालिकाको ५० प्रतिशत अनुदान लागत र वडामा रहेको अविरल कृषि समुहको ५० प्रतिशत लागतमा आलुको उन्नत जातको बीउ बितरण गरिएको हो ।

थाहा नगरपालिकाको २ लाख ९३ हजार र कृषि समुहको २ लाख ९३ हजार गरी ५ लाख ८६ हजारको ६ हजार पचास किलो साजिटा जातको उन्नत आलुको बीउ बितरण गरिएको थाहा नगरपालिका कृषि शाखा प्रमुख संजय तिवारीले बताए । थाहा नगरपालिकालाई आलुको बिउमा आत्मनिर्भर बनाउनको लागि यस्ता कार्यक्रम ल्याएको बताउदै होटल रेष्टुरेन्ट तथा उद्योगको निम्ति यो आलुको माग उच्च रहेकोले बजारीकरणमा समस्या नरहेको बताए ।

अविरल कृषि समुहका सदस्य तथा अगुवा कृषक श्याम विष्टले साजिटा जातको आलु अहिले नेपालको धेरै स्थानमा बीउ विकासको लागि उच्च माग रहेको हुँदा भारतको हिमाञ्चलबाट यो बीउ आएको बताउदै नेपाल सरकारले सिफारिस गरेको बीउ भएको हुँदा ढुक्क भएर लगाउँदा हुने उल्लेख गरे । कृषक नवराज बर्तौलाले थाहानगरले आलु उत्पादन राम्रो गर्न सिचाइ सुबिधालाई पनि व्यवस्थापन गर्नुपर्ने आग्रह गरे ।

थाहा नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत सुरेन्द्र प्रधानले कृषकले उत्पादन गरेको आलुमा बजारको समस्या नरहेको हुँदा गुणस्तरिय उत्पादनमा ध्यान दिन कृषकलाई आग्रह गरे । थाहा नगर प्रमुख बिष्टले नगर पालिकाले सबैभन्दा बढी बजेट कृषि क्षेत्रमा बिनियोजन गरेको उल्लेख गर्दै संघीय सरकार र प्रदेश सरकारको रासायनिक मल वितरण प्रणालीले भने थाहाका कृषकहरूलाई मारमा पारेको बताए । विष्टले प्रदेश सरकारले मल बितरणमा थाहा नगरपालिकालाई उच्च प्राथमिकतामा राख्न अनुरोध गरे ।

समुहका जेष्ठ सदस्य सानोकाजी कार्कीको अध्यक्षतामा सम्पन्न बीउ आलु वितरण कार्यक्रममा थाहा ३ का अध्यक्ष हिरेन्द्र कुमार रायमाझी, विभिन्न कृषि समुहका प्रतिनिधिहरूको उपस्थिति रहेको थियो ।

## को बन्ला ? माओवादी थाहानगर अध्यक्ष

◆ विकास संवाददाता

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) थाहानगर कमिटिको अध्यक्ष पदको आकांक्षी ७ जना देखिएका छन् । १९ पुसबाट शुरू भएको दोस्रो नगर अधिवेशनले नयाँ कार्य समिति चयन गर्नुपर्नेमा आकांक्षीको संख्या ७ जना पुगेको हो ।

अध्यक्षको आकांक्षीहरूमा बिनोद कुमार लामा, सुमन कार्की, नवराज विष्ट, प्रमोद गोपाली, दिपक लामा, लक्ष्मण विष्ट र गुमानसिंह मोक्तान रहेको माओवादी केन्द्र थाहानगरले जनाएको छ । २० पुससम्म पालिका कमिटिहरू टुङ्याउनु पर्ने केन्द्रिय सर्कुलर अनुसार नयाँ नगर कमिटी चयनको प्रक्रिया शुरू भएको हो ।

थाहानगर कमिटिका लागि ५१ सदस्य भने १९ पुसमै टुङ्गिएको छ । माओवादी थाहानगरका एक नेताले भने– ‘हामी निरन्तर सहमतीको प्रयासमै छौ, छिट्टै नै सहमतीबाटै नेतृत्वको टुङ्गो लाग्छ, नलागे अन्तिम विकल्प चुनाव हुन्छ ।’ यस अघि पनि माओवादी थाहानगरमा निर्वाचन प्रक्रियाबाटै बिनोद कुमार लामा अध्यक्षमा निर्वाचित भएका थिए ।

पालुङ जेसिज सभाहलमा भएको अधिवेशनको माओवादी केन्द्रकी केन्द्रिय सदस्य तथा बागमती प्रदेश सांसद कुमारी मोक्तानले उद्घाटन गरेकी हुन् । थाहानगर अध्यक्ष बिनोद कुमार लामाको अध्यक्षता भएको अधिवेसन उद्घाटन समारोहमा माओवादी जिल्ला इन्चार्ज तथा केन्द्रिय सदस्य बिजय गौतम, जिल्ला संयोजक भिम पाखीन, बागमती प्रदेश सांसद प्रेम बहादुर पुलामी ‘छिन्तु’, उपत्यका विशेष प्रमुख प्रकाश चन्द्र पाण्डे, प्रदेश सचिवालय सदस्य विष्णु बहादुर विष्ट, प्रदेश सदस्यहरू लवशेर बिष्ट, इन्द्र बहादुर श्रेष्ठलगायतका नेता कार्यकर्ताहरूको उपस्थिती रहेको थियो ।

## नेपाल विद्युत प्राधिकरण पालुङ वितरण केन्द्र प्रमुखमा विष्ट

◆ विकास संवाददाता

नेपाल विद्युत प्राधिकरण पालुङ वितरण केन्द्रका प्रमुख माधव न्यौपानेको सरूवा भएको छ । प्रमुख न्यौपानेको केन्द्रिय कार्यालय अन्तर्गत व्यावसाय विकास निर्देशनालयमा सुरूवा भएका हुन् । पालुङ वितरण केन्द्रमा भरतपुर वितरण केन्द्रबाट रूद्रराज विष्ट सरूवा भई आएका छन् ।

सरूवा भएका प्रमुख न्यौपानेको पालुङ वितरण केन्द्रमा फेरी भेटौंला कार्यक्रमको आयोजना गरी विदाई गरिएको छ । न्यौपाने २०८० आश्विन २१ गतेदेखि पालुङ वितरण केन्द्रमा प्रमुखको रूपमा आएका थिए । उनको सक्रियतामा एउटै मात्र धोर्सिङको स्रोतमा भर परेको पालुङमा माल्टा र धादिङबाट विद्युत स्रोत जोडिनुका साथै काठका पोल विस्थापन, ११ के.भी. तथा एल.टि. लाईनमा कालो तार लगाई लाईन सुधार



भएको छ । त्यस्तै बाढी पहिरोबाट क्षती भएको लाईन न्यौपानेकै नेतृत्वमा भएको सक्रियताका साथ सुधार र संचालनलगाएतका कामहरू भएका छन् ।

यसैबीच वितरण केन्द्र प्रमुख न्यौपानेलाई १६ पुसमा थाहा नगरपालिका नगर कार्यपालिकाका प्रमुख विष्णु बहादुर विष्ट, उपप्रमुख भरत गोपाली तथा प्रमुख प्रशासकीय अधिकृत सुरेन्द्र प्रधानले खादा ओढाई विदाई गरेका छन् । सो अवसरमा पालुङ वितरण केन्द्रमा रहँदा न्यौपानेले गरेको सहयोग तथा सहकार्यको प्रशंसा गरिएको थियो ।

## रैथाने बालीको संरक्षण गर्न चैनपुरमा हाटबजार

◆ विकास संवाददाता

एकैछिनमा हाटबजारमा कोदोको सेल र फापरको फुरौला बिक्री भयो । बिक्री भएकोमा उनी खुसी छिन् । घरमा सेल र फुरौला पकाएर उनले चैनपुरको हाटमा ल्याएकी थिइन । हाटबजारमा सेल र फुरौला बिक्री हुन एक घन्टा पनि लागेन । सेल र फुरौला बिक्री गरेर सावित्री चेपाङले ७ सय रूपैयाँ आम्दानी गरिन् । त्यही पैसाले उनले मकैको पिठो, तेल र नुन किनेर लगिन् ।

सावित्रीले आफ्नै बारीमा उत्पादन गरेको कोदो र फापरबाट सेल र फुरौला बनाएकी हुन् । राक्सिराङ गाउँपालिकाले स्थानीय उत्पादनलाई बजारीकरण गर्ने उद्देश्यले महिनाका १ गते र १५ गते चैनपुरमा हाटबजारको व्यवस्था गरेको छ । हाट बजारमा गाउँमा उत्पादित वस्तुहरूमात्र राख्न पाउने व्यवस्था गरेको छ । राक्सिराङ गाउँपालिका–५ चैनपुरमा सञ्चालन



गरिएको हाटबजारको १५ पुसमा एक समारोहबीच सहकारी तथा गरिबी निवारणमन्त्री मधुकुमार श्रेष्ठले चिउरीको बिरूवा रोपेर उदघाटन गरेका थिए ।

उद्घाटन गर्दै श्रेष्ठले हाट बजारले गाँउमा उत्पादित वस्तुहरूले बजार पाउनुको साथै ‘पत्रु खाना’ बिक्री वितरण न्यूनीकरण हुने बताए । राक्सिराङ गाउँपालिकाले २०७९ वैशाखदेखि गाउँपालिकाको केन्द्र रहेको चैनपुरमा पन्ध्र दिने हाट बजार लाग्ने व्यवस्था गर्दै आएको थियो । ‘केही महिनादेखि हाटबजारले निरन्तरता पाउन सकेको थिएन, अब निरन्तरता दिने गरी हाटबजारको व्यवस्था गरेका छौं,’ गाउँपालिका अध्यक्ष राजकुमार मल्लले बताए ।

हाटबजारमा चिउरीको मह, उसिनेको गिा,भ्याकुर, स्थानीयवासीले बनाएको बाँसको डोको, पेरूङ्गो, गेडागुडी पनि राखिएका छन् । प्रत्येक महिनाको १ र १५ गते सञ्चालन हुने उक्त हाट बजारमा तामाङ, चेपाङलगायत विभिन्न जातजातिको संस्कृति झल्किने कला प्रस्तुत गर्ने गरिएको छ ।

क्षयरोग सम्बन्धी जनहीतमा जारी सन्देश !

क्षयरोग रोकथाम र उपचारबाट नियन्त्रण हुने रोग हो । तलका लक्षणहरु मध्ये कुनै एक देखिएमा तुरुन्तै स्वास्थ्य संस्थामा गई निःशुल्क खकार जचाँऔं ।




थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इन्द्रायणी चौर, मकवानपुर



सबै क्षयरोगको जाँच उपचार स्वास्थ्य संस्थामा निःशुल्क पाइन्छ । साथै, पूर्ण रुपमा औषधि सेवन गरे क्षयरोग निको हुन्छ ।

# • सम्पादकीय •

## रक्तअल्पता: एक ध्यानदिनुपर्ने क्षेत्र

नेपालमा रक्तअल्पताको समस्या धेरै नै देखिने गरेको छ । रक्तअल्पता कम गर्न सरकारले १० देखि १९ वर्ष उमेर समूहका किशोरीहरुका लागि निःशुल्क रुपमा उपलब्ध गराएको आइरन फोलिक एसिड चक्की समेत खान पाएका छैनन् । देशभरीकै तथ्यांक हेर्ने हो भने पनि किशोरी तथा महिलाहरुको ठूलो संख्या रक्तअल्पताको समस्याबाट गुज्रिरहेको छ । नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण २०२२ ले नेपालमा ३४ प्रतिशत महिलाहरुमा रक्तअल्पताको समस्या रहेको देखाएको छ । देशभरका सात हजार तीन सय २९ महिलाहरुमा गरिएको यो अध्ययनले रक्तअल्पता भएकामध्ये १८ प्रतिशतलाई सामान्य, १५ प्रतिशतलाई मध्यम र एक प्रतिशतलाई गम्भीर रुपमा रक्तअल्पताको समस्या छ । स्वास्थ्य मन्त्रालयले यस अघि सन् २०१६ मा गरेको यस्तै अध्ययनले नेपालमा रक्तअल्पता भएका महिला तथा किशोरी ४१ प्रतिशत थिए । हरेक पाँच वर्षमा गरिने यस्तो अध्ययन प्रतिवेदनको तुलना गर्दा रक्त अल्पताको समस्या केही घटेको देखिए पनि अहिले देखिएको ३४ प्रतिशत पनि सानो आँकडा भने होइन । शरीरमा रगतको मात्रा कम हुनु भनेकै रक्तअल्पता हो । यसका कारणहरु धेरै भए पनि मुख्यतः सन्तुलित आहारा नमिल्दा हुने स्वास्थ्यविज्ञहरु बताउँछन् । जानकारहरुका अनुसार रगत धेरै बग्ने जस्तो चोटपटक लाग्दा, कार्टिंदा, ग्यास्ट्रिक अल्सर तथा ब्लड क्यान्सर, ब्लड डिस अर्डर एनेमिया, सेतो रगतको कमी हुने, रगत जम्ने क्षमता कम हुने जस्ता कारणले पनि रक्तअल्पता हुने गर्छ ।

महिला तथा किशोरीहरूमा रक्तअल्पता हुनुमा पौष्टिक तत्वहरूको कमी र स्वास्थ्य समस्या नै प्रमुख हुन् । असन्तुलित आहारसँगै महिनावारीमा अत्यधिक रक्तस्राव, गर्भावस्थाका जटिलताले पनि रक्तअल्पता बढाएको छ । नियमित स्वास्थ्य परीक्षणको अभावले समस्या पहिचानमा ढिलाइ हुने, उमेर नपुगी हुने गर्भधारण, भान्सामा महिलाले सबैलाई खुवाएर जे बचेको छ त्यही खाएर छाक टार्ने प्रचलन, बालविवाह, छाउपडी प्रथाजस्ता सामाजिक साँस्कृतिक प्रथा परम्पर ाहरुले पनि किशोरीको स्वास्थ्य कमजोर बनाएको छ । स्वास्थ्यसम्बन्धी पर्याप्त जानकारी नपाउँदा सामान्य ख्याल गर्दा ठीक हुने समस्याहरुसमेत जटिल स्वास्थ्य समस्याका रुपमा देखा पर्ने गरेका छन् । रक्तअल्पताले महिला तथा किशोरीहरुको शारीरिक र मानसिक स्वास्थ्यमा नकारात्मक प्रभाव पारेको छ । अध्ययनहरूले देखाएको १५-४९ वर्ष उमेर समूहका महिलामध्ये झण्डै ४० प्रतिशतभन्दा बढीमा रक्तअल्पताको समस्या रहनु भनेको अत्यन्त गम्भीर विषय हो । यो तथ्यले हाम्रो देशको स्वास्थ्य प्रणाली, सामाजिक संरचना र पोषण सुरक्षा नीति सबै पुनरावलोकन गर्नुपर्ने आवश्यकता औंल्याएको छ । आइरन चक्की निःशुल्क भनिदिएर मात्र किशोरीसम्म ती चक्की पुग्दा रहेनछन् भन्ने कुरा पटक-पटक भएका अध्ययनले देखाएको भए पनि त्यसको प्रभावकारी अनुगमन मूल्यांकनसमेत हुन सकेको देखिँदैन ।

अहिले स्वास्थ्य स्थानीय सरकारको जिम्मेवारीभित्रको क्षेत्र पनि हो । सरकारले ल्याएका स्वास्थ्यसम्बन्धी कार्यक्रमलाई नागरिकसम्म पुऱ्याउने दायित्व पनि स्थानीय सरकारको हो । आवश्कता अनुसार स्वास्थ्यसम्बन्धी योजना तथा कार्यक्रम बनाउन, बनाइएका कार्यक्रमहरुलाई व्यवस्थितरुपले सञ्चालन गर्न हरेक स्थानीय तहमा स्वास्थ्य शाखा छन् । रक्तअल्पता न्यूनीकरण गर्न सरकार, गैरसरकारी संस्था, स्वास्थ्यकर्मी र समुदाय सबैको भूमिका आवश्यक पर्छ । यसतर्फ सबैको ध्यान जानु आवश्यक छ ।


### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा

| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:00 | बजे हेटौंडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: 00 | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:00 | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १0:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १0:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १0:३0 | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३0 | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३0 | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३0 | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३0 | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:00 | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३0 | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*


### महत्वपुर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |

# कृषि क्षेत्रमा काम गर्ने परियोजना यस्ता हुनुपर्छ



◆ पद्म भण्डारी

नेपालको कृषि क्षेत्र आर्थिक र सामाजिक दृष्टिले अत्यन्त महत्वपूर्ण छ, जसले देशको कुल गार्हस्थ्य उत्पादनमा ठूलो अंशको योगदान पुऱ्याएको छ र ग्रामीण जनसंख्याको मुख्य जीविकोपार्जनको स्रोत बनेको छ । कृषि क्षेत्रमा हाल परम्परागत विधिको बाहुल्यता र केही मात्रामा आधुनिक विधिको प्रयोगको मिश्रण पाइन्छ, जहाँ कृषकले प्राकृतिक स्रोतको सस्तो र सुलभ प्रयोग गर्दै उत्पादन गर्ने गर्छन् । देशको भौगोलिक विविधताका कारण, विभिन्न क्षेत्रमा विभिन्न प्रकारका फसल उत्पादन गर्न सकिन्छ ।

नेपालमा कृषि क्षेत्रसँग सम्बन्धित सरकारका विभिन्न नीति तथा अनुदान छन्, जसका कारण उत्पादन प्रवर्द्धन हुने प्रयास गरिएका छन् । तर, ती नीतिको कार्यान्वयन र प्रभावकारितामा अझै सुधारको आवश्यकता छ । जलवायु परि वर्तनका कारण कृषिमा असर पर्ने सम्भावना बढी छ, जसले खाद्य सुरक्षा र आपूर्ति श्रृंखलामा पनि चुनौती ल्याउन सक्छ । नेपालका अधिकांश कृषि क्षेत्र सिँचाइको समस्याबाट प्रभावित छन्, किनकि यहाँको कृषि प्रायः मौसमी अवस्थामा निर्भर छ । कृषिमा सिँचाइको राम्रो व्यवस्था नहुँदा, उत्पादनमा अनिश्चितता छ । कृषि क्षेत्रलाई आधुनिक बनाउन र यसको उत्पादन क्षमता वृद्धि गर्न नयाँ प्रविधिको प्रयोग, प्रभावकारी सिँचाइ प्रणाली र समन्वयात्मक नीतिको आवश्यकता छ ।

कृषि क्षेत्रमा काम गर्ने विभिन्न परि योजनाको उद्देश्य प्रायः कृषि उत्पादकत्व सुधार्न, किसानको जीवनस्तर उकास्न र कृषि प्रणालीलाई दिगो बनाउनमा केन्द्रित हुन्छ । नेपालमा विभिन्न प्रकारका कृषि परियोजना चलिरहेका छन् । केही प्रमुख परियोजनामा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, नेपाल कृषि बजार विकास कार्यक्रम, कृषि क्षेत्र विकास कार्यक्रम, ज्ञानमा आधारित एकीकृत दिगो कृषि नेपाल, कृषि सामग्री परियोजना, कृषि रूपान्तरण परियोजना, खाद्य सुरक्षा र पोषण कार्यक्रम आदि हुन्, जुन अहिले पनि सञ्चालनमा छन् । यी परियोजना नेपालको कृषि क्षेत्रमा दिगो विकास र सुधार ल्याउनका लागि काम गर्दै छन् । तर, कृषिमा परनिर्भरता बढ्दै छ । यसको मतलव परियोजना सञ्चालनमा कहीं न कहीं सुधारको खाँचो छ ।

कृषिको क्षेत्रमा सञ्चालन हुने परियोजनाले आफ्नो कार्यनीति, योजना र कार्यक्रमहरूलाई स्थानीय कृषि व्यवसायीका प्राथमिकता र सामाजिक-आर्थिक परिस्थितिसँग समायोजन गर्नु जरूरी छ । किसानको प्राथमिकताभन्दा बजारको आवश्यकताअनुसार परियोजनाले आफ्ना कार्यक्रम तय गर्नुपर्छ । बजारको आवश्यकताअनुसार कृषकलाई सहयोग गर्नुपर्छ ।

कृषिका परियोजनाले कार्यक्षेत्रको वास्तविकता बुझ्न धेरै पटक छलफल, परामर्श गर्नुपर्छ, स्थानीय सरकार र अन्य सरोकारवालासँग छलफल गरी आवश्यकता र चुनौती पहिचान गर्नुपर्छ, विशेष गरी महिला, दलित र अन्य सीमान्तीकृत समुदायको चासो समेट्ने कोसिस गर्नुपर्छ, स्थानीय निकाय, सहकारी संस्था वा उद्यमहरूलाई साझेदार बनाएर काम गर्नुपर्छ, स्थानीय संस्थालाई आवश्यक सीप र ज्ञान प्रदान गरी क्षमता विकास गर्नुपर्छ, कार्यक्रम कार्यान्वयनमा स्थानीय स्रोत, सीप र ज्ञानको अधिकतम उपयोग गर्नुपर्छ । बजेट र निर्णय प्रक्रियामा जसको व्यवसाय हो उसको लगानी प्रवर्द्धन गर्न जोड गर्नुपर्छ, दीर्घकालीन प्रभावका लागि वातावरणमैत्री र स्थानीय अनुकूल समाधान अपनाउनुपर्छ र बाह्य सहयोगबिना आत्मनिर्भर बनाउने लक्ष्य राख्नुपर्छ ।

परियोजनाले स्थानीय आवश्यकतालाई ध्यान दिएर काम गर्न समावेशी आर्थिक विकासलाई केन्द्रमा राखेको हुनुपर्छ । तिनीहरूले अपनाउने दृष्टिकोण र कार्यशैलीमा प्रणाली विकासमा आधारित दृष्टिकोणसहित बजार प्रणालीलाई सुधार गर्न ध्यान दिनुपर्छ । यसले किसान, उद्यमी र व्यवसायहरूलाई सशक्त बनाउन निजी क्षेत्र, सरकार र अन्य साझेदारसँग सहकार्य गर्न मद्दत पुग्छ । त्यस्तै, सार्वजनिक र निजी साझेदारी अपनाई स्थानीय सरकार र निजी क्षेत्रसँग सहकार्य गर्दै दिगो प्रभाव सुनिश्चित गर्नुपर्छ । त्यसैगरी सामुदायिक स्तरमा उद्यमशीलता र सीप विकासमा जोड दिने र सबै कार्यक्रम पारदर्शी तरिकाले सञ्चालन गर्दै नियमित समीक्षा र सुधार गर्दै लानुपर्छ ।

परियोजनाले कार्यक्रममा कृषि उत्पादनको बजारमा सजिलै र सस्तो पहुँच सुनिश्चित गर्न किसान र व्यापारीबीचमा सञ्जाल सुधार गर्ने, मुलुकको विभिन्न भेगमा के कुन कृषि उत्पादनको माग छ र त्यसका लागि उचित बजार सञ्जालमार्फत अवसरको पहिचान गर्ने, कृषकलाई तालिम र प्राविधिक सहयोगमार्फत कृषकलाई व्यावसायिक खेतीका लागि प्रशिक्षण दिने, कृषि उत्पादनमा सुधार ल्याउनका लागि नयाँ प्रविधिको प्रयोग र बजार व्यवस्थापनमा सहयोग गर्ने, सहकारी संस्थाको सशक्तीकरण र स्थानीय उत्पादनको मूल्य अभिवृद्धि गर्ने कार्यमा ध्यान केन्द्रित गरी स्थानीय सहकारी र कृषि उद्यमता वृद्धि गर्नु जरूरी छ । साना कृषकको बजारसम्म पहुँच बढाउन साना किसान र तिनीहरूको कृषि उत्पादनको मूल्य अनुकूल बनाउन र तिनीहरूलाई विशिष्ट बजारमा लाने कार्य गर्नुपर्छ । महिला कृषकको समावेशीकरणका लागि विशेष गरी महिलालाई आर्थिक सशक्तीकरण र उत्पादन प्रक्रिया र बजारमा समान अवसर प्रदान गर्नका लागि कार्यक्रमले महिला कृषकको सक्रिय सहभागिता सुनिश्चित गर्नुपर्छ ।

कृषि उत्पादनको सहजताका लागि बजार सुदृढीकरण गर्न सरकारी निकाय र निजी क्षेत्रसँग समन्वय गरेर सञ्जाल तयार गरी सरकारी र निजी क्षेत्रसँग सहकार्य अभिवृद्धि गर्ने, विभिन्न निकायको सहयोगमा सहजीकरण र व्यवसायीकर णको प्रक्रिया अघि बढाउने तथा कृषकको आय वृद्धि, रोजगारीका अवसर सिर्जना र स्थानीय आर्थिक गतिशीलता सुधार गरेर समावेशी एवं दिगो आर्थिक विकासको लक्ष्य हासिल गर्नुपर्छ ।

परियोजनाले नेपालको कृषि क्षेत्रको समृद्धि र बजार पहुँचमा सुधार गर्नका लागि सहकार्य गर्नु जरूरी छ । कार्यक्रमको मुख्य उद्देश्य भनेको कृषकको आयमा सुधार ल्याउनु हो, जसका लागि उनीहरूलाई आफ्नो उत्पादनका बजारमा राम्रो मूल्य मिल्ने वातावरण प्रदान गर्न व्यवसायीसँग साझेदारी गरेर परियोजना सञ्चालन गर्नुपर्छ । कृषि बजारको विकास र बजार पहुँच सुधार, महिला र सीमान्तीकृत समूहहरूको समावेशीकरण, स्थानीय उत्पादकहरूलाई बजारीकरणमा सहयोग, किसानहरूको आय वृद्धि तथा व्यवसायीकरण र व्यापार प्रवर्द्धन मुख्य एजेन्डा हुनुपर्छ ।

कृषि क्षेत्रमा सञ्चालित परियोजनाले बजार प्रणाली विकास दृष्टिकोण अपनाउनुपर्छ । बजार प्रणाली विकास दृष्टिकोण एक प्रणालीगत दृष्टिकोण हो । यसले बजार प्रणालीले के कारणले गर्दा काम गरिरहेको छैन भन्ने कुरामा ध्यान दिन्छ । यसले लक्षणको सट्टा कारक तत्व अर्थात् कारणहरूमा ध्यान दिन्छ । बजार प्रणाली विकास कार्यक्रमले प्रत्यक्ष रूपमा सेवा प्रदान गर्नुभन्दा बजार प्रणालीमा भएका अवरोध समाधान गर्न सहयोग गर्छ ।

बजार प्रणाली विकास दृष्टिकोण परियोजनाले सहजकर्ताको रूपमा काम गर्नुपर्छ भन्ने मान्यता राख्छ । दिगो एवं व्यवस्थित परिवर्तनका लागि बजारकर्ताको क्षमता भूमिका एवं प्रोत्साहनले महत्वपूर्ण भूमिका निर्वाह गर्छ । बजार प्रणाली विकास परियोजनाले निजी र सार्वजनिक क्षेत्रका कर्ता एवं खेलाडीलाई प्रोत्साहित गर्ने उद्देश्यले अनुकूल वातावरण तयार उत्प्रेरकको भूमिका निर्वाह गर्छ । बजार प्रणालीले राम्ररी काम गऱ्यो भने भविष्यमा दातृ निकायको सहायताको आवश्यकता पर्दैन भन्ने मान्यताका आधारमा कार्यक्रमलाई परिभाषित गर्छ ।

बजार प्रणाली विकास दृष्टिकोण अपनाउँदा लाभग्राहीले अप्रत्यक्ष रूपमा प्रत्यक्ष प्रभावको अधिक महसुस गर्छन् । बजारका निश्चित कर्ता वा खेलाडीसँग काम गर्दा उस्तै प्रकृतिका काममा अन्य बजारकर्ता पनि त्यस्ता गतिविधि सञ्चालन गर्न उत्तेजित हुन्छन्, जसले गर्दा प्रतिस्पर्धाका आधारमा अधिक परिवर्तन प्राप्त हुन सक्छ भन्ने मान्यता राख्छ ।

बजार प्रणाली विकास दृष्टिकोणले दिगोपनामा जोड दिन्छ । बजार प्रणाली विकास दृष्टिकोणले बजार प्रक्रियामा भएका बाधा पहिचानमा जोड दिन्छ र समाधानका लागि बजारले नै सम्बोधन गर्नुपर्छ भन्ने मान्यता राख्छ । यदि प्रणाली अन्तर्गतका बजारकर्ताले भविष्यमा आइपर्ने चुनौती समाधान गर्न र गरिब तथा साना किसानको परिवर्तनको आवश्यकता पूरा गर्न सक्षम हुन्छन् भनेमात्र दिगो हुन्छ

बाँकी पेज ३ मा

# चोट लाग्ने वित्तिकै टिटानसको सुई लागाउन पर्छ ?

कुनै कारणवश चोट लाग्दा, जनावरले टोक्दा वा कुनै धारिलो हतियार ले काटेमा टिटानसको खोप लगाउने सल्लाह दिइन्छ। टिटानस 'क्लोस्ट्रिडियम टेटानी' नामक ब्याक्टेरियाबाट हुने गम्भीर संक्रमण हो ।

माटो, धूलो र फोहोरमा पाइने सो ब्याक्टेरिया गहिरो घाउमा पुगेमा त्यसले विषाक्त पदार्थ निकाल्छ । जसले मांसपेशीलाई क्षति गरी गम्भीर समस्या निम्त्याउन सक्छ ।

टिटानसले मांसपेशीमा दुखाइ गराउँछ। सो दुखाइ बङ्गारा र घाँटीबाट सुरू हुन्छ । यसलाई 'लक ज्वा' पनि भनिन्छ। समयमै उपचार गरिएन भने यसको संक्रमणले दुखाइसँगै सास फेर्न गाह्रो बनाउने, मुटुको धड्कन अनियमित पारी ज्यान नै जोखिममा पार्न सक्छ ।

बालबालिकामा चोटपटक लाग्नु सामान्य कुरा हो। किनभने उनीहरू बढी खेलकुद गर्छन् । खेलकुद गर्दा लडेर वा कतै ठोक्किएमा घाउ लाग्न सक्छ । सतही घाउमा फोहोर माटो पेसको छैन टिटानसको जोखिम कम हुन्छ ।

तर, यदि घाउ गहिरो छ । त्यसमा माटो, फोहोर परेको वा खिया लागेका हतियार वा भाँडाहरूले घाउ बनाएको छ भने टिटानसको जोखिम बढ्छ ।

### बच्चालाई प्रत्येक पटक चोट लाग्दा टिटानसको सुई लगाउनुपर्छ ?

हरेक चोटपटकको लागि टिटानसको खोप दिनु आवश्यक हुँदैन। खोप लिन आवश्यक भएको नभएको चोटको प्रकृति र पहिलो कति खोप लगाइएको छ । त्यसमा निर्भर रहन्छ ।

नियमित खोप लगाएमा टिटानस खोप लगाउन आवश्यक छैन ।

दुई, चार र ६ महिनाका बालबालिकालाई डिपीटी (डिप्थेरिया, टिटानस, पर्टुसिस) खोप दिइन्छ । यसपछि १८ महिना ५ वर्षको उमेरमा बुस्टर डोज दिइन्छ। यदि बच्चालाई यी बुस्टर डोज अनुसार खोप लगाइएको



छ । र, त्यसको ५ वर्ष भित्रमा चोटपटक लागेको छ भने टिटानसको सुई खोप लगाउनु पर्दैन ।

### बच्चाको नियमित खोप पुरा नभएको अवस्था

यदि बच्चाले समयमै टिटानस बुस्टर प्राप्त गरेको छैन । पछिल्लो १० वर्षमा बूस्टर डोज प्राप्त गरेको छैन भने चोटपटक लागेमा टिटानस खोप लगाउनु आवश्यक हुन्छ ।

यस्तोमा चोटपटक लागेको जति सक्दो छिटो खोप लगाउनु उपयुक्त हुन्छ । सम्भव नभए पनि यसको संक्रमणबाट बच्न ४८ घण्टाभित्र खोप लगाउनै पर्छ ।

### घाउको अवस्था

टिटानसको जोखिम चोटको गहिराई र स्थानमा निर्भर गर्छ। फोहोर नपरेको सतही घाउहरू प्रायः टिटानस खोपको आवश्यक पर्दैन । गहिरो घाउ जसमा माटो, धुलो वा खिया लाग्ने वस्तुहरू परेको छ भने सो खोप लगाउनु आवश्यक हुन्छ ।

जनावरको टोकाइ वा धारिलो वस्तुबाट हुने चोटपटकमा पनि टिटानसको जोखिम हुने हुँदा टिटानसको सुई लगाउनुपर्ने हुन्छ ।

### बालबालिकालाई चोट लागेमा के गर्ने ?

– चोटपटक लागेमा तुरून्तै सफा गर्नु पर्छ ।

– फोहोर र ब्याक्टेरिया हटाउन घाउलाई सफा पानी र साबुनले धुनुपर्छ ।

– एन्टिसेप्टिक प्रयोग गर्नुपर्छ। घाउलाई संक्रमणबाट जोगाउन एन्टिसेप्टिक क्रिम लगाउनु पर्छ ।

– यदि घाउ गहिरो छ वा चोटको अवस्था अज्ञात छ भने तुरून्तै चिकित्सकलाई सम्पर्क गर्नुपर्छ ।

–चोट लागेमा पहिला के कस्तो खोप लगाइएको छ भनेर चिकित्सकलाई सूचित गर्नुपर्छ ।

### टिटानसको जोखिमलाई रोक्न सकिन्छ ?

नियमित खोप र सरसफाइमार्फत टिटानसबाट बच्न सकिन्छ। बच्चाहरूलाई उनीहरूको खोप तालिका अनुसार डिपीटी र बूस्टर डोजहरू दिनु पर्छ ।

हरेक चोटपटकमा टिटानस खोपको आवश्यक हुँदैन। टिटानस खोप लगाउने कि नलगाउने भन्ने कुरा चोटको प्रकृति, फोहोरको जोखिम र बच्चाको खोप कार्ड रेकर्डमा निर्भर हुन्छ ।

# उच्च रक्तचाप भनेको के हो, कसरी बच्ने ?

उच्च रक्तचाप भनेको यस्तो अवस्था हो जसमा रगत प्रवाह हुने रक्तनलीहरूमा चाप बढी हुने गर्छ। यसले गर्दा रक्तनलीहरूमा क्षति पुग्छ र ती रक्तनलीहरू बन्द हुने सम्भावना बढाउँछ ।

अधिकांश बिरामीहरूलाई बढ्दो उमेरसँगै उच्च रक्तचापको समस्या हुने गर्दछ। केही अन्य समस्या जसमा उच्च रक्तचाप कम उमेरमै देखिन थाल्छ, यसको कारण अरू नै हुन सक्दछ, जस्तैः मिर्गौला सम्बन्धी रोग, हर्मोनको गडबडी वा लामो समयसम्म स्टेरोइड जस्ता औषधिको सेवन हुन सक्छन्। कम उमेरमै हुने उच्च रक्तचापको कारणलाई सुधार गर्न सकिने हुन सक्छन्।

### यस रोगका लक्षणहरु निम्न प्रकारका छन्:

अधिकांश बिरामीहरूमा उच्च रक्तचापको कुनै पनि लक्षण नदेखिन सक्छ। यसै कारण यो रोगलाई थाहा नहुने मृत्युको कारक (साइलेन्ट किलर) पनि भन्ने गरिन्छ । उच्च रक्तचाप भन्नाले सिस्टोलिक रक्तचाप १४० एमएमएचजी वा सोभन्दा माथि र डायस्टोलिक रक्तचाप ९० एमएमएचजी वा सोभन्दा माथि वा रक्तचाप कम गर्न औषधि सेवन गर्नुपर्ने अवस्था हो। जब रक्तचाप धेरै बढेको हुन्छ, तब टाउको दुख्ने, नाकबाट रगत बग्ने वा चक्कर लाग्ने हुन सक्छ ।

लामो समयदेखि उच्च रक्तचापको बिरामीमा रक्तचापका कारण विभिन्न जटिलताहरू जस्तै मुटुरोग वा मिर्गौला सम्बन्धी रोग वा पक्षघात पनि हुन सक्छ। तपाईंको परिवारमा यदि कोही उच्च रक्तचापबाट ग्रसित छन् भने तपाईंलाई पनि यो समस्या हुन सक्ने प्रवल सम्भावना हुन्छ । यसका साथै कम शारीरिक क्रियाकलाप, बढ्दो तौल, रगतमा बढ्दो चिल्लोपना, धुम्रपान गर्नाले वा मधुमेह रोगले उच्च रक्तचाप हुने जोखिम बढाउँछ । उच्च रक्तचापलाई नियन्त्रण गर्ने विभिन्न औषधिहरू उपलब्ध छन् । त्यसमध्ये चिकित्सकले तपाईंको आवश्यकता अनुसार कुनै औषधि छनौट गर्न सक्नुहुनेछ। रक्तचापको दीर्घकालीन नकारात्मक असरहरूबाट बच्न यी औषधिहरू नियमित रूपमा सेवन गर्न जरूरी हुन्छ ।

*तपाईंले उच्च रक्तचापको रोकथाम र व्यवस्थापन कसरी गर्न सक्नुहुन्छ ?*

आफ्नो जीवनशैलीलाई परिवर्तन गर्नुहोस्

- सन्तुलित आहारमा बढी जोड दिने र आफ्नो स्वस्थ तौललाई कायम राख्ने।
- खानामा नुनको प्रयोग कम गर्ने र फलफूल, सागसब्जी र दूधबाट उत्पादित चिल्लो कम भएका सामग्रीहरूको उपभोग प्रशस्त मात्रामा गर्ने।
- नियमित शारीरिक व्यायाम गर्ने (हप्ताको कम्तीमा पाँच दिनसम्म हरेक दिन छिटो हिँड्ने, दौडिने, कमसेकम ३० मिनेट पौडी खेल्ने) ।

धुम्रपान नगर्ने तथा समयमै चिकित्सकसँग परामर्श लिनुहोस् । पूर्ण शारीरिक जाँच र उचित परीक्षण गराउनुपर्दछ । प्रायःजसो उच्च रक्तचाप बाहेक अन्य असामान्यताको पहिचान हुँदैन र यस्तो अवस्थालाई इसेन्टायल हाइपर टेन्सन भनिन्छ ।

नियमित रूपमा दिनहुँ औषधि सेवन गर्ने गर्नुपर्दछ। अन्यथा ती औषधिहरू लाभदायी हुने छैनन् । उच्च रक्तचापका बिरामीले आफ्नो रक्तचापको नियमित जाँच गराइराख्नु पर्दछ र साथै चिकित्सकको निर्देशन अनुसार समय-समयमा स्वास्थ्य जाँच गराउन जानु पर्दछ ।

समय-समयमा स्वास्थ्य जाँच गराउनाले तपाईंको रक्तचाप कतिको घटेको वा बढेको छ भन्ने कुरा जान्न सकिन्छ र सोही अनुरूप चिकित्सकले औषधिको मात्रा समायोजन गर्नेछन्। चिकित्सकको सल्लाह बिना तपाईं औषधि सेवन गर्न नछोड्नुहोस् । यदि औषधिको कारण केही प्रतिकूल असर भएमा, यसबारेमा आफ्नो चिकित्सकसँग सम्पर्क गर्नुहोस् ।

# कृषि क्षेत्रमा ..

भन्ने मान्यता राख्छ । सरकार वा दाताले समाधानको उपाय दिने वा समाधान गरिदिने परिपाटीले समस्याको समाधान त होला तर त्यो दिगो हुँदैन । सहयोग गर्दासम्म त्यो चल्छ, नत्र चल्दैन ।

बजार प्रणाली विकास दृष्टिकोणले ठूलो मात्रामा प्रभाव पर्ने क्रियाकलापमा जोड दिन्छ । बजार प्रणाली विकास दृष्टिकोणले स्पष्ट रूपमा उद्देश्य बजार प्रणालीको गतिशीलताको सामना गरेर ठूलो संख्यामा पुग्छ । यसले प्रणालीगत बाधालाई कम पार्छ, जुन व्यवस्थित सहभागिता र प्रणालीसँग संलग्न हुने सबैको पहुँचको राम्रो सर्तलाई सीमित गर्छ ।

परियोजनाले कृषि क्षेत्रको समृद्धि र कृषकहरूको जीवनस्तर सुधार्न महत्वपूर्ण भूमिका खेल्नुपर्छ । यसले कृषकलाई व्यावसायिक दृष्टिकोणबाट बजारमा समावेश हुन, नयाँ प्रविधिको प्रयोगमा मद्दत गर्न र दिगो कृषि पद्धतिको अवलम्बनमा सहयोग पुऱ्याउन योगदान दिनुपर्छ ।

नगरौं विवाहका कुरा:
भएको छैन बीस वर्ष पुरा

बालविवाह सामाजिक अपराध हो, बालविवाह नगरौं, नगराऔं ।



बालविवाह गर्नु वा गराउनु सामाजिक अपराध हो र यो दण्डनीय छ । बालविवाह गरे वा गराएको पाइएमा नजिकको प्रहरी/वडा कार्यालय, बालक्लव, बालसञ्जालमा खबर गरौं । बालविवाह रोकौं, बालबालिकाको सुनौलो भविश्य निर्माणमा आजै देखि सबै लागौं ।

"सानै छु बढन देउ, विवाह हैन पढन देउ"

थाहा नगरपालिका
सामाजिक विकास शाखा
इन्द्रायणी चौर, मकवानपुर

थाहा नगरपालिकाको सूचना !

- आफ्नो घर भान्छाको फोहर सड्ने र नसड्ने (प्राङ्गारिक, अप्राङ्गारिक) गरि विभाजन गरौं । सड्ने फोहरलाई मल बनाऔं । नसड्ने फोहरलाई बर्गिकरण गरि महानगरपालिकाको फोहर बोक्ने गाडीमा पठाऔं ।
- महानगर क्षेत्रभित्र हर्नको प्रयोग नगरौं । ध्वनी प्रदुशणको न्युनिकरणमा सवै सचेत बनौं ।
- जथाभावी सडक पेटीमा फोहर नफालौं, सम्भावित जरिवानाबाट बचौं ।
- सडेगलेका बस्तु बिक्रि वितरण र प्रयोग नगरौं ।
- पशु चौपायाहरुलाई खुला र छाडा नछाडौं ।
- सडकपेटी र बाटो अवरुद्ध हुनेगरि निर्माण लगायत कुनैपनि सामाग्री नराखौं ।
- १६ बर्षभन्दा कम उमेरका बालबालिकालाई श्रममा नलगाऔं ।
- भूकम्प प्रतिरोधात्मक संरचना र आवास निर्माण गरौं ।
- खुल्ला राखिएका, फोहरपानी प्रयोग गरिएका, झिंगा भन्केका माछा मासु खरिद बिक्रि नगरौं/नगराऔं ।
- घर तथा भवन निर्माण पूर्व आफ्नो जग्गाको भूबनोट आदिमा विचार पुऱ्याऔं । विज्ञ प्राविधिकहरुको राय सल्लाह लिएर मात्र कार्य गरौं ।
- समयमै कर तिरौं । सभ्य नागरिकको परिचय दिऔं ।
- जन्म, मृत्यु, विवाह, बसाईसराई लगायतका घटनादर्ताहरु समयमै गरौं ।

थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इन्द्रायणी चौर, मकवानपुर

# बाढीबाट क्षतिग्रस्त सडकहरुलाई १५ करोड २५ लाख बजेट, कुलेखानीको बेलिब्रिजलाई मात्र २ करोड

◆ विकास संवाददाता

बागमती प्रदेश सरकारले विपद् प्रभावित सडक तथा पूर्वाधार पुनः निर्माणका लागि १५ करोड २५ लाख रूपैयाँ उपलब्ध गराउने निर्णय गरेको छ । प्रदेश सरकारको १९ पुसमा बसेको बैठकले विपद् प्रभावित प्रादेशीक सडक तथा पूर्वाधार निर्माणका लागि १५ करोड २५ लाख रूपैयाँ उपलब्ध गराउने निर्णय गरेको हो ।

विपद् प्रभावित हेटौंडा काठमाडौं सडकका लागि ११ करोड २५ लाख रूपैयाँ र प्रदेशका अन्य सडक तथा पूर्वाधार मर्मतका लागि ४ करोड रूपैयाँ बजेट व्यवस्था गर्ने निर्णय गरेको प्रदेश सरकारका प्रवक्ता एवम् आन्तरिक मामिला मन्त्री सुरजचन्द्र लामिछानेले बताए । उनका अनुसार बैठकले कुलेखानी सिस्नेरी सडक मर्मतका लागि ५० लाख रूपैयाँ, कुलेखानी महालक्ष्मी खोला फाखेल खण्ड मर्मतका लागि २५ लाख रूपैयाँ बजेट व्यवस्था गर्ने भएको छ भने सिमखोलमा बेलिब्रिज राख्न २ करोड रूपैयाँ, सिस्नेरी खण्डको सडक पुनः निर्माणका लागि ६ करोड रूपैयाँ र



सिस्नेरी छैमले खण्डको सडक पुनः निर्माणका लागि २ करोड ५० लाख रूपैयाँ व्यवस्था गर्ने निर्णय गरेको प्रवक्ता लामिछानेले बताए ।

बैठकले उक्त बजेट आर्थिक मामिला तथा योजना मन्त्रालयको अर्थ विविध र विषयगत मन्त्रालयको बजेटबाट व्यवस्था गर्ने निर्णय गरेको उनले बताए । १८ पुसमा सम्पन्न प्रदेश विपद् परिषदको बैठकमा भौतिक पूर्वाधार विकास मन्त्रालयले प्रस्ताव गरे अनुसारको बजेट व्यवस्था गर्ने निर्णय गरेको थियो । बैठकले संघीय सरकारबाट सरूवा भएर आएका सचिव वीरेन्द्र देव भारतीलाई प्रदेशको श्रम रोजगार तथा यातायात मन्त्रालयमा पदस्थापन गर्ने निर्णय गरेको छ भने प्रदेश सरकारले ११ औं तहमा बढुवा गरेका निरन्जन श्रेष्ठलाई वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र ललितपुरमा पदस्थापन गर्ने निर्णय गरेको छ ।

बैठकले स्वास्थ्य संस्था आशयपत्र सेवा सञ्चालन अनुमति नवीकरण तथा स्तरोन्नति मापदण्ड स्वीकृत गर्ने निर्णय गरेको छ ।

# बकैया पालिका र पुष्पाञ्जली हस्पिटलबीच उपचार सहुलियतका लागि सम्झौता

◆ विकास संवाददाता

मकवानपुरको बकैया गाउँपालिका र चितवनको पुष्पाञ्जली हस्पिटल प्रा.लि. बीच उपचार सहुलियत करारनामा सम्झौता भएको छ । १९ पुसमा गाउँपालिकामा पुष्पाञ्जली हस्पिटल प्रा.लि.का प्रबन्ध निर्देशक सुजनराज अधिकारी र बकैया गाउँपालिकाका अध्यक्ष धर्मराज लामिछानेले सम्झौता पत्रमा हस्तक्षर गरेका छन् ।

बकैयाका गाउँपालिकावासिलाई स्वास्थ्य परीक्षण तथा उपचार गर्दा हस्पिटलबाट प्रवाह हुने सेवामा २५ प्रतिशतसम्म छुट सुविधा दिने, अस्पतालको सेवा जस्तैः बेडचार्ज, ल्याब टेस्ट, ई.सी.जी, इको, भिडिओ एक्सरे, एक्सरे, सिटीस्क्यान लगायतमा २५ प्रतिशत, अप्रेशन र क्याबीनमा १५ प्रतिशत छूट दिने र औषधीमा ७ प्रतिशत सम्म छूट दिने सम्झौता भएको छ ।

गाउँपालिकाका जनताको स्वास्थ्य उपचार सहुलियतको लागि अध्यक्ष लामिछानेले उक्त कार्य गर्न आफु लागि परेको बताए । अध्यक्ष लामिछानेले स्थानीय तहमा स्वास्थ्य क्षेत्रमा सुधारको लागि विभिन्न कार्य गर्दै आएकाछन् । सम्झौताको क्रममा गाउँपालिकाका उपाध्यक्ष भक्त बहादुर खत्रीले पालिकामा रहेका अति विपन्न, गरिब, असाहय मानिसको लागि निःशुल्क उपचार गर्न समेत आग्रह गरे ।

सम्झौताका क्रममा पुष्पाञ्जली हस्पिटल सामाजिक सेवा ईकाई प्रमुख केदार प्रसाद सुवेदी, बकैया गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत महेश श्रेष्ठ, गाउँपालिकाका सामाजिक विकास महाशाखा प्रमुख फटिकरमण प्याकुरेल, स्वास्थ्य संयोजक रमेश फुयाल लगाएतको सहभागिता रहेको थियो ।

# राक्सिराङ सरकारले निर्माण थालेको चेपाङ संग्रहालय निर्माण तिव्र

◆ विकास संवाददाता

चेपाङ समुदायको पहिचान र संस्कृतिसँग जोडिएका सामानहरू संग्रहालयमा अवलोकनका लागि राख्न राक्सिराङ गाउँपालिकाले संग्रहालय भवन निर्माण गरिरहेको छ । चेपाङ बाहुल्य रहेको उक्त पालिकाले चेपाङ समुदाय परापूर्वकालदेखि प्रयोग गर्दै आएको तर लोपोन्मुख अवस्थामा रहेका सामग्रीहरू अवलोकनका लागि राख्न चेपाङ संग्रहालय निर्माण गरिएको हो ।



उनीहरूले विगतमा प्रयोग गरेका तर अहिले लोप हुने अवस्थामा पुगेका सामग्रीहरू संरक्षण गर्ने उद्देश्यले पालिकाले ठूलै लगानीमा संग्रहालय निर्माण गरिरहेको पालिका अध्यक्ष राजकुमार मल्लले बताए । 'राक्सिराङ गाउँपालिका–५ चैनपुरमा ३ करोड ६३ लाख रूपैयाँको लागतमा संग्रहालय भवनको निर्माण कार्य अन्तिम चरणमा पुगेको छ,'उनले भने । तीनतले उक्त भवनको तल्लो तलामा चेपाङ समुदायले विगतदेखि वर्तमानसम्म प्रयोग गर्दै आइरहेका र उनीहरूको संस्कृति र पहिचान झल्कने सामग्री राखिने व्यवस्था गरिएको छ ।

आगामी चैत महिनासम्ममा संग्रहालयको निर्माण कार्य सम्पन्न हुने पालिकाले जनाएको छ । राक्सिराङ गाउँपालिकाको केन्द्रसमेत रहेको चैनपुरमा विगतमा चेपाङ संग्रहालय संचालनमा थियो । अवलोकन र अध्ययनका लागि विभिन्न स्थानबाट मानिसहरू आउने गर्थे । २०७२ सालमा आएको भूकम्पले संग्रहालय भवनमा क्षति पुऱ्याएको थियो । उक्त भवनको मर्मत र सम्भार कार्य हेटौंडाका दिलीप बानियाँको आर्थिक सहयोगमा रोटरी क्लब अफ मकवानपुरले गरेको हो । भवन जीर्ण हुँदै गएकाले २०७८ साउनदेखि नयाँ भवन निर्माण कार्य सुरू गरेको हो ।

तत्कालीन जिल्ला विकास समितिको सहयोगमा उक्त स्थानमा २०६७ सालदेखि चेपाङ संग्रहालय स्थापना गरिएको थियो । उक्त संग्रहालयमा चेपाङ समुदायले प्रयोग गर्ने एकपाखे ढ्याङ्ग्रो, चमेरो मारेर हाल्ने थुन्से, चमेरो मार्ने गुलेली, खोरिया खन्दा प्रयोग गर्ने कुटोकोदालो, हलो, वन्यजन्तुको सिकार खेल्दा प्रयोग गर्ने हतियार, चिउरीको घिउ राख्ने भाँडोलगायत उनीहरूको जीवनशैली र पहिचानसँग जोडिएका सामग्रीहरू राखिएका थिए ।

'संग्रहालयको पुरानो भवन भत्काएर नयाँ भवन निर्माण गर्न थालेपछि संग्रहालयमा राखिएका सामग्री कोठामा सुरक्षित साथ राखेका छौं,' पालिका अध्यक्ष मल्लले भने । 'हाम्रो अस्तित्व र पहिचानसँग पनि जोडिएकाले संग्रहालय छिट्टै संचालनमा आउने विश्वास लिएका छौं,' नेपाल चेपाङ संघका अध्यक्ष गोविन्दराम चेपाङले भने ।

# मकवानपुरगढी ६ नम्बर वडाका ज्येष्ठ नागरिकलाई न्यानो कपडा वितरण




◆ विकास संवाददाता

मकवानपुरको मकवानपुरगढी गाउँपालिका वडा नम्बर ६ घर भई हाल रोजगारीको शिलशिलामा देश बाहिर रहेका ७ जना मनकारी युवाले आफ्नो वडाका वृद्धवृद्धालाई न्यानो कपडा सहयोग गरेका छन् ।

वैदेशिक रोजगारीका क्रममा जापानमा रहेका पाँच र दक्षिण कोरिया रहेका दुई जनाले जापान–कोरिया समाज मकवानपुरगढी नेपाल नामक संस्थामार्फत ४१ जना ज्येष्ठ नागरिकलाई जाडोका बेला न्यानो कपडा सहयोग स्वरूप उपलब्ध गराएका हुन् । उनीहरूले उपलब्ध गराएको न्यानो कपडा बुधबार मकवानपुर गढी ६, आमभञ्ज्याङ्, डुम्रेकुनामा ४१ जना जेष्ठ नागरिकलाई वितरण गरिएको हो ।

गाउँपालिका अध्यक्ष दोर्जे लामा स्याङ्तानले ९८ वर्षका पदमबहादुर खड्कालाई न्यानो कपडा प्रदान गर्दै रोजगारीका लागि देश बाहिर रहेर जाडो याममा गाउँघरका ज्येष्ठ नागरिकलाई सहयोग गरेकोप्रति प्रशंसा गरे । आफ्नो गाउँघरका बाआमालाई जाडो बेलामा गरिएको सहयोगले देशबाहिर रहेका युवाहरूप्रति सदैव सम्झना र आशिर्वाद रहीरहने उनले बताए । युवाहरूले विदेशमा सिकेको सीपलाई स्वदेश फर्किएपछि प्रयोग गर्नुपर्नेमा जोड दिँदै अध्यक्ष स्याङ्तानले कृषि र पशुपालन क्षेत्रमा मकवानपुरगढीमा राम्रो सम्भावना रहेको सुनाए ।

वडा अध्यक्ष कृष्णप्रसाद बजगाईले ज्येष्ठ नागरिकलाई यो जाडो बेलामा सहयोग गर्ने काम गरेर देश बाहिर रहेका युवाहरूले आफ्नो गाउँठाउँप्रति माया दर्शाउनु खुशीको विषय भएको बताए । उनले वडामा जेष्ठ नागरिकको संख्या धेरै रहेता पनि सामाजिक सुरक्षा भत्ता खाने मध्ये गाउँघरमै बसोबास गर्नेलाई पहिलो प्राथमिकतामा राखेर न्यानो कपडा वितरण गरिएको बताए । संस्थासँग वडाले आवश्यक समन्वय गरिरहेकोले छुटेकाहरूलाई अर्को चरणमा सहयोग गर्ने योजना सुनाए ।

न्यानो कपडा वितरण कार्यक्रममा वडा सदस्यहरू जीतबहादुर घलान, रणकुमारी परियार, शेरबहादुर लामा लगायतको उपस्थिती रहेको वडा सचिव सागर लामाले जानकारी दिए । ज्येष्ठ नागरिकलाई न्यानो कपडा वितरणको व्यवस्थापन हाल जापान रहेका सोमबहादुर स्याङ्तानले संयोजन गरेका हुन् जापान रहेकाहरू अशोक स्याङ्तान, एन्जल दहाल, निरोज पुडासैनी र अवीन सुवेदील सहयोग गरेका हुन् ।

अब हाम्रै थाहानगरको ओखरबजारमै
छपाईको शुभारम्भ
फ्लेक्स प्रिन्ट
काठमाण्डौं, हेटौंडा धाउनै पर्दैन...
अत्याधुनिक नयाँ मेसीनद्वारा १ घण्टा भित्र बोर्ड,ब्यानर तयार
हाम्रा अन्य सेवाहरू
फ्लेक्स प्रिन्ट (ब्यानर/साइनबोर्ड)
होडिङ बोर्ड/स्टिकर प्रिन्ट/
फ्लेक्स फोटो/मायाको चिनो तयारी
प्रमाण-पत्र/कदर-पत्र/प्रशंसा पत्र तयारी
कार्यक्रमको ब्याच तयारी
विभिन्न डिजाइनका फ्रेमिङ
फोटो स्टुडियो/पि.भि.सी. कार्ड
AARAV creation
DESIGN FLEX PRINT PHOTOGRAPHY
9855068340/9802068340

# 'स्टार्टअप उद्यम कर्जा'मा थाहानगरका ४ परियोजना




◆ विकास संवाददाता

नेपाल सरकारले चालु आर्थिक वर्ष २०८१/८२ मा दिने घोषणा गरेको 'स्टार्टअप उद्यम कर्जा'का लागि मकवानपुरको थाहा नगरपालिकाबाट ४ वटा परियोजना प्रारम्भिक सूचीमा परेका छन् । मकवानपुरबाट मात्र भने कुल २० वटा परियोजना प्रारम्भिक सूचीमा छन् । यसरी छनोटमा परेकाहरूमा सबैभन्दा बढि हेटौंडा उपमहानगरपालिकाबाट ९ वटा परियोजना रहेका छन् भने थाहा नगरपालिकाको ४ वटा, राक्सिराङको ३, भीमफेदीको २ तथा मकवानपुरगढी र बागमती गाउँपालिकाको १/१ वटा परि योजना रहेका छन् ।

थाहा नगरपालिकाबाट छनोटमा परेका आर.के. मेटल ह्याण्डीक्रमफ्टस प्रोडक्शन एण्ड सप्लायर्स थाहा-४ को २ वटा परियोजना, ह्याप्पी भ्याली कृषि फार्म थाहा-३ र युनिक कृषि फार्म थाहा-५ रहेका छन् ।

त्यसैगरी ओम्याक्स इण्ड्रष्ट्रिज प्रालि. हेटौंडा-१९, श्यामाबाटिका एकीकृत कृषि तथा पशुपंक्षी फार्म हेटौंडा-१५, बसामाडी तारजाली उद्योग हेटौंडा-३ मुक्तिलनाथ कृषि तथा पशुपंक्षी फार्म हेटौंडा-१४, श्री दुर्गा कृषि तथा पशुपंक्षी फार्म हेटौंडा-१८, बसाह गाई फार्म हेटौंडा-३, आसुका तयारी पोशाक तथा कपडा उद्योग हेटौंडा-५, ए आर प्रिन्टिङ सोलुसन हेटौंडा-४ र अपसाइकल इनोभेटर्स प्रा.लि. हेटौंडा-४ रहेका छन् ।

अस्लामी कृषि तथा पशुपंक्षी फार्म भीमफेदी, ६, आधुनिक कृषि तथा पशुपंक्षी फार्म भीमफेदी-४, श्रीकृष्ण बहुउद्देश्यीय कृषि तथा पशुपंक्षी फार्म मकवानपुरगढी-३, एकीकृत कालेश्वर कृषि तथा पशुपंक्षी फार्म बागमती-९, संजिब एकीकृत कृषि तथा पशुपंक्षी फार्म राक्सिराङ-६, घलान एकीकृत कृषि तथा पशुपंक्षी फार्म राक्सिराङ-४, एसमिका एकीकृत कृषि तथा पशुपंक्षी फार्म राक्सिराङ-७ रहेका छन् । मकवानपुरको इन्द्रसरोवर, बकैया, कैलाश र मनहरी गाउँपालिको परियोजना भने शुन्य रहेको छ ।

तर देशभरबाट १ हजार ३ सय १४ परियोजना प्रारम्भिक सूचीमा पर्न सफल भएका छन् । औद्योगिक व्यवसाय विकास प्रतिष्ठानले कुल ५ हजार १ सय ५८ परियोजनाबाट प्रारम्भिक सूची प्रकाशित गरेको छ । अब प्रारम्भिक सूचीमा परेका परियोजना प्रस्तावकबाट प्रस्तुतीकरणको योजना छ । यसका लागि मिति समेत तय भइसकेको प्रतिष्ठानले जनाएको छ । उक्त प्रस्तुतीकरणबाट छनोट भएका आयोजनाले यस वर्ष स्टार्टअप उद्यम कर्जा पाउने छन् ।

प्रतिष्ठानका अनुसार २८ पुस २०८१ देखि प्रस्तुतीकरणको मिति तय भएको छ । हरेक दिन चार चरणमा प्रस्तुतीकरण हुने र एक चरणमा पाँच परियोजना प्रस्तावकबाट प्रस्तुतीकरण लिइने प्रतिष्ठानले जनाएको छ । प्रस्तुतीकरणका लागि एक परियोजनालाई १० मिनेट समय उपलब्ध हुनेछ । प्रस्तुतीकरणको ढाँचासमेत सार्वजनिक गरिएको छ । प्रस्तुतीकरणका बेला उद्यम/व्यवसायको तस्वीर र दृष्यसमेत खिचेर १ मिनेट बराबर भिडियो अनिवार्य लिनुपर्ने गरी तोकिएको छ ।

प्रस्तुतीकरणमा आफ्नो परियोजनामा कुन पक्षमा नवीनतम सोच राखिएको छ भन्नेबारे स्पष्ट पार्नुपर्ने भएको छ । परियोजनाबाट उत्पादित वस्तु र सेवा बिक्रीको बजार सम्भावना, कच्चापदार्थ र त्यसको आपूर्ति, उपलब्ध पूर्वाधार, हालको रोजगारी र सिर्जना हुने संख्यासहित विवरण राख्नुपर्ने भएको छ ।

# लियो क्लव अफ पिस थाहाको नव निर्वाचितहरुको पदस्थापना

◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिकामा क्रियाशील लियो क्लव अफ पिस थाहाले २१ पुसमा ८औं स्थापना दिवस तथा वर्ष २०२४/०२५ को पदस्थापना कार्यक्रम गरेको छ । थाहा नगरपालिका नगर कार्यपालिकाका उपप्रमुख तथा लायन्स क्लव अफ थाहाका सल्लाहकार भरत गोपालीको प्रमुख आतिथ्यतामा कार्यक्रम भएको हो ।

सो अवसरमा गोपालीले लियो क्लव पिस थाहाको सामाजिक कार्यप्रतिको सकृयताको उच्च सम्मान गर्दै नगरपालिकाले क्लबका हरेक गतिविधिहरूमा आवश्यक सहकार्य गर्ने प्रतिवद्धता व्यक्त गरेका थिए । ुयस्तो संस्था चलाएर राम्रो-राम्रो कार्य गरेर देश र समाजको लागि केही गर्छु भन्ने यस क्लबका सदस्यहरूप्रति गर्वको अनुभति भएको छु(गोपालीले भने-'समाज परिवर्तनका लागि सबै एकजुट भएर लाग्नुपर्छ ।'

लियो क्लव अफ पिस थाहाको अध्यक्ष रोशनी गोपालीको अध्यक्षतामा पालुङ बहुउद्देश्यीय सहकारी संस्थाको सभाहलमा सम्पन्न कार्यक्रमममा लायन्स क्लव अफ पिस थाहाका संस्थापक अध्यक्ष तथा लायन्स क्लव अफ ३२५ एम नेपालका डिष्टिक को-चिफ लायन सुरेन्द्रमान प्रधान, लियो ३२५ एम डिष्टिूक काउन्सिलका डिस्ट्रिक प्रेसिडेन्ट प्रेम




राज तिवारी, लायन्स क्लव थाहाका अध्यक्ष सत्यदेवी स्याङ्तान, ईलाका प्रहरी कार्यालय पालुङका प्रमुख सबिन बाबु अर्याललगायतकाको आतिथ्यता रहेको थियो ।

क्लबको कार्यसमितिका अध्यक्ष शिशिर कुमार खत्री, क्लबका प्रथम उपाध्यक्ष शितल बिष्ट, द्वितीय उपाध्यक्ष प्रेरणा खत्री ,सचिव अजय कार्की, कोषाध्यक्ष बिराज थापा, सहसचिब नारायण कार्की, सहकोषाध्यक्ष प्रशुमा बिष्ट, जनसम्पर्क अधिकारी स्मिता विष्ट, सचेतक निशान्त प्रधान, टेमर सृष्टि गोपाली र अध्यक्ष प्रमुख सल्लाहकार बिनिता वाईबा सल्लाहकारमा पूर्व अध्यक्षहरू अनित बिष्ट, गणेश बिष्ट, कमल बिष्टको पदस्थापना गरिएको थियो ।

## चखेल-मातातीर्थ सडकको इन्द्रसरोवर खण्ड १५ दिन बन्द हुने

◆ विकास संवाददाता

मकवानपुर र काठमाडौं जोड्ने चखेल-मातातीर्थ सडक स्तरोन्नतिका लागि १५ दिन बन्द हुने भएको छ ।

मकवानपुरको महालक्ष्मी खोला-मातातीर्थ सडक अन्तर्गत मकवानपुरको इन्द्रसरोवर गाउँपालिका ५ स्थित महालक्ष्मी खोला नजिकै भिर कटानका लागि उक्त सडक बन्द गरिने भएको हो ।

# विकास निर्माणमा निगरानी गर्न एमाले नेतृत्वको

◆ विकास संवाददाता

नेकपा एमाले थाहानगर कमिटीका सदस्यहरूलाई गाउँ गाउँमा हुने विकास निर्माणमा निगरानी गर्न नेतृत्वले आग्रह गरेको छ । १५ पौषमा भएको पाँचौं नगर कमिटीको पूर्ण बैठकमा नगर अध्यक्ष सुरेन्द्रमान प्रधानले स्थानीय सरकार, प्रादेशिक र संघीय सरकारबाट बजेट विनियोजन भई काम हुने उपभोक्ता समिति वा ठेक्का विधिबाट जुनसुकै काम भएपनि निगरानी गरेर गुणस्तरको काम गराउन सचेत गराए ।


बैठकमा अध्यक्ष प्रधानले सरकारी वा



गैसरकारी जुनसुकै निकायबाट हुने सेवा प्रवाह बारे सचेत रहदै सुशासन कायम गराउन भूमिका निर्वाह गर्नु पर्ने बताए । विभिन्न ७ वटा प्रस्तावहरूमा निर्णय गरेको एमाले थाहानगरको बैठकले पार्टी अनुशासन भंग गरेका कार्यकर्ताहरूलाई जिम्मेवारीबाट हटाएको छ ।

एमाले मकवानपुर जिल्ला कमिटी उपाध्यक्ष हिदम लामाको प्रमुख आतिथ्यतामा भएको बैठकमा लामाले मुलुक परिवर्तन एमालेले मात्र गर्न सकिने स्पष्ट देखेको बताउदै आफूले जिम्मा लिएका कामहरू इमान्दारिताका साथ बहन गर्दै अरूलाई पनि खबरदारी गर्न आग्रह गरे ।

बैठकमा एमाले जिल्ला कमिटी सदस्य विमल कुमार ढकालगायतका नेताहरूको आतिथ्यता थियो ।






जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७

# हेटौंडामा पाँच वटा पिचसहितको क्रिकेट मैदान

◆ विकास संवाददाता

हेटौँडा उपमहानगरपालिका-६ स्थित गौरिटार रङ्गशालाभित्र ११ करोड ७४ लाखमा ड्रेनसहितको क्रिकेट मैदान निर्माण भइरहेको छ ।

अन्तर्राष्ट्रियस्तरको क्रिकेट मैदानमा छ हजार दर्शक क्षमताको एउटा प्यारापिटसहित पाँच वटा पिच, ७० मिटर रेडिएसको मैदान, स्कोर बोर्ड, भीभीआईपी कक्ष, खेलाडी कक्ष (प्लेयर बक्स), चेन्जिङ रूम (कपडा फेर्ने कोठा), टिभी र रेडियो ब्रोडकास्टिङ कक्ष, मिडिया कक्ष, अपाङ्गमैत्री क्षेत्र, पार्किङलगायत संरचना निर्माण हुने प्रदेश खेलकुद परिषद्का सदस्य सचिव दीपक लामाले जानकारी दिए ।

क्रिकेट मैदानमा चार वटा ब्लकमा प्यारापिट निर्माण गर्ने डिपीआर निर्माण गरिएको र त्यसमध्ये हाल एउटा ब्लकको काम भइरहेको उनले बताए । क्रिकेट मैदान निर्माणका लागि नौ करोड ४२ लाख ८२ हजारमा २०८० चैत २० मा एसएनएस पिएल एचकेसी जेभीले ठेक्का लिएको थियो ।

उनका अनुसार हाल मैदान सम्याउने काम भइरहेको छ र अधिकांश बजेट मैदान बनाउनमै खर्च हुनेछ । मैदानको लेभल मिलाएपछि भूमिगत ढलमार्फत पानी पठाउन पाइप बिछ्याउने काम हुनेछ भने विभिन्न तहमा ग्राभेल, माटो बिछ्याउने उनले बताए । मैदानको सबैभन्दा माथिल्लो भागमा बर्मुण्डा दुबो रहने लामाले बताए । गत आइतबार नेपाल क्रिकेट सङ्घ (क्यान) का सचिव पारस खड्काले हेटौँडा-६ स्थित गौरीटार रंगशालामा निर्माण भइरहेको क्रिकेट ग्राउण्डको स्थलगत अवलोकन गर्नुभएको थियो । सचिव खड्कासहित प्रवक्ता छुवी लामा, मकवानपुर क्रिकेट सङ्घका पदाधिकारीले ग्राउण्ड अवलोकन गर्नुभएको थियो ।

क्रिकेटका लागि पूर्वाधार निर्माण भइरहेको प्रति खुसी व्यक्त गर्दै क्रिकेट खेलको विकासका लागि पूर्वाधार निर्माणमा प्रदेश सरकारले गरेको लगानी सकारात्मक रहेको सचिव खड्काले बताए । क्रिकेट ग्राउण्डको पूर्वाधार तीव्र गतिमा निर्माण भइरहेकाले छिट्टै राष्ट्रियस्तरको खेल खेलाउन सकिने उनले बताए ।

## मालपोत कार्यालय, शिखरकोट मकवानपुरबाट जारी गरिएको छुट जग्गा दर्ता तथा नामसारीको लागी हकदाबी गर्न आउने सम्बन्धी ३५ (पैंतीस) दिने सार्वजनिक सूचना :

सूचना प्रकाशित मितिः २०८१/०९/१६

**रामभक्त डंगोलसमृत ८ जना** | **जग्गा धनीः नर बहादुर महर्जन**

जिल्ला मकवानपुर साविक बज्रबाराही गा.वि.स. वडा नं २ हाल थाहा नगरपालिका वडा नं. ६ बस्ने रामभक्त डंगोलसमेत ८ जनाले हामीहरूका बाबु तथा बाजे नर वहादुर महर्जनको नाममा टिष्टुङ्ग गा.वि.स. वडा नं २ कि.नं. ७१ र ७२ क्षेत्रफल ०-१४-३-१ र ०- ५-३-० जग्गा सर्भे नापी भई फिल्डबुक कायम भएकोमा निज नरबहादुर महर्जन र निजको एकमात्र पत्नी हामीहरूको आमा तथा हजुरआमा कृष्ण कुमारी महर्जनको क्रमशः मिति २०४०/०१/१७ र २०५५/०५/१७ मा परलोक हुनु भएको, निजहरूको कोखबाट २ छोरीहरू र ७ भाई छोराहरूको जायजन्म भएकोमा छोरीहरूको विवाहदान भईसकेको र हामी ७ भाई छोराहरू श्यामबहादुर डंगोल, रामभक्त डंगोल, हरिकृष्ण महर्जन, सिताराम महर्जन, गोविन्द महर्जन, हरेराम महर्जन र रघुराम महर्जन भएकोमा जेठा छोरा श्याम बहादुर डंगोल तथा निजको एकमात्र पत्नी तुयु डंगोलको क्रमशः मिति २०६३/१२ /१८ र २०४०/१० /०६ मा परलोक भएको निजहरूको कोखवाट छोराको जायजन्म नभएको हकखाने हकदारमा दुई छोरीहरू सानुमाया मानन्धर र हिरा कुमारी महर्जन भएको हुँदा हामीहरूको संयुक्त नाममा छुट जग्गा दर्ता तथा नामसारी गरी पाउँ भनी ६ नं वडा कार्यालयको सिफारिस सहित मागदाबी निवेदन पेश गर्नुभएको हुँदा उल्लेखित कित्ता जग्गाको फिल्डबुकको कैफियत महलमा यो जग्गा मेरो बाबु पहलमानको नम्बरी हो। निज मरी हक खाने छोरा नर वहादुर महर्जनको नाममा दर्ता हुने हों भनी सही गर्ने नर बहादुर महर्जन भनी उल्लेख भएको जग्गा माथी उल्लेखित हकदार बाहेक अन्य हकदार छन्, छैनन् ? उल्लेखित कित्ता जग्गा सरकारी, सार्वजनिक र सामुदायिक प्रकृतिको जग्गा हो होइन ? माथी उल्लेखित हकदार बाहेक अरू कसैको हकलाग्ने भए वा जग्गा दर्ता तथा नामसारी हुनु नपर्ने अन्य कुनै कारण भए सवुत् प्रमाणसहित सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र यस कार्यालयमा स- प्रमाणसहित उजुर बाजुर गर्न आउनुहोला, अन्यथा कानून वमोजिम निवेदकको माग दाबीबमोजिम छुट जग्गा दर्ता तथा नामसारी भई जाने व्यहोरा सर्वसाधारणको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

## मालपोत कार्यालय, शिखरकोट मकवानपुरबाट जारी गरिएको छुट जग्गा दर्ता तथा नामसारीको लागी हकदाबी गर्न आउने सम्बन्धी ३५ (पैंतीस) दिने सार्वजनिक सूचना :

सूचना प्रकाशित मितिः २०८१/०९/१६

**निवेदक नन्द कुमार पौडेल** | **जग्गा धनीः नन्द कुमारी ठकुरानी**

यसमा काभ्रेपलाञ्चोक जिल्ला रविओली गा.वि.स. वडा नं. २ निवासी कर्ण बहादुर पौडेलको पत्नी शेर बहादुर ठकुरीको छोरी ना. प्र. पं. नं २१६/८१४७४ जारी मिति २०५५/१०/२४, काभ्रे भएको नन्द कुमारी पौडेलले द.नं. ५४ मिति २०८१/०४/१३ गते यस कार्यालयमा दर्ता नामसारी गरि पाँउ भनी दिनु भएको निवेदन बमोजिम फिल्ड बुकको जग्गा वालको नामथर, वतन महलमा बाबु शेर बहदुर, बाजे जंग बहादुर, कैफियत व्यहोरामा यो जग्गा चिन बहादुरको नामबाट घरसार उनान्सो राजिनामा बमोजिम जग्गा धनी नन्द कुमारी ठकुरानी र निज चिन वहादुरको नाम बदर भई नन्द कुमारीको नाममा दर्ता हुन आएको हो भनी फिल्डबुकमा उल्लेख भएको मकवानपुर जिल्ला टिष्टुङ्ग गा.वि.स. वडा नं ५ कि.नं. ५७२ क्षेत्रफल ३-११-१-० भएको जग्गा फिल्डबुकमा नन्द कुमारी ठकुरानी र निजको नेपाली नगरिकताको प्रमाण पत्रमा नन्द कुमारी पौडेल एकै नामथर भएको व्यक्ति हो वा होइन ? उक्त माग दाबीबमोजिम नन्द कुमारी पौडेलको नाममा छुट जग्गा दर्ता गरी दिदा कोही कसैलाई असर पर्छ, पर्दैन ? माग दाबीबमोजिमको जग्गा सरकारी, सार्वजनिक र सामुदायिक प्रकृतिको जग्गा हो, होइन ? माग दाबीबमोजिमको जग्गा दर्ता हुनु नपर्ने अन्य कुनै कारण भए सबुत् प्रमाणसहित सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र यस कार्यालयमा स-प्रमाण सहित उजुर बाजुर गर्न आउनुहोला, अन्यथा कानून बमोजिम निवेदकको माग दाबीबमोजिम छुट जग्गा दर्ता भई जाने व्यहोरा सर्वसाधरणको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

## वायु प्रदुषणको असर कम गरौं !

- व्यक्तिगत सवारीको सट्टा ठूला र एकैपटकमा धेरैले प्रयोग गर्न मिल्ने सार्वजनिक सवारीको प्रयोग बढाऔं,
- डिजेल र पेट्रोलबाट चल्ने सवारी साधनको विकल्पमा विद्युतीय सवारी साधनको प्रयोग गरौं,
- आँफुले प्रयोग गर्ने सवारी साधनको ईन्जिन राम्रोसँग मर्मत गरौं, नियमित प्रदुषण जाँच गरौं,
- उद्योग तथा कलकारखानामा प्रदुषण नियन्त्रण प्रविधिहरू प्रयोग गरौं,
- फोहोरमैलालाई जलाउने कार्य नगरौं, उचित व्यवस्थापन गरौं,
- कच्ची सडकहरू मर्मत तथा कालोपत्रे गरौं,
- वृक्षारोपण गरौं, बनजंगलको संरक्षण गरौं,

*वायु प्रदुषणको असर कम गर्न सहयोग गरौं । स्वस्थ वातावरण निर्माणमा योगदान पुऱ्याऔं ।*

नेपाल सरकार
**विज्ञापन बोर्ड**

'थाहा नगर विकासको आधार, कृषि, पर्यटन र पूर्वधार'

## थाहा नगरपालिका

### थाहा नगरपालिकाको जरुरी सूचना !

यस थाहा नगरपालिका क्षेत्रका नदी तथा खोलामा रहेका जलचर संरक्षण विभिन्न कार्य गर्दै आएकोमा केही व्यक्तिहरुले करेन्ट तथा अन्य निषेधित केमिकल प्रयोग गरी लुकीछिपी रुपमा माछा मार्ने लगायतको कार्य गर्दै आएको भन्ने जानकारी प्राप्त भएको हुँदा त्यस्तो कार्य गर्न गर्नेलाई बागमती प्रदेश सरकारले जारी गरेको प्रदेशस्तरमा जलचर संरक्षण र व्यवस्थापन गर्न बनेको ऐन, २०७६ अनुसार जलचर समात्ने तथा मार्ने कार्य गरिएको पाइएमा ५० हजार रुपियाँसम्म जरिवाना, जलचर संरक्षण ऐन, २०५५ (संशोधन) अनुसार ६ महिनासम्म कैद वा पाँच हजार रुपियाँसम्म जरिवाना तथा थाहा नगरपालिकाको वातावरण तथा प्राकृतिक स्रोतको संरक्षण सम्बन्धी ऐन, २०७६ अनुसार पहिलो पटकका लागि ५ हजार नगद तथा पटके भएमा थप कारबाही गर्ने कानूनी व्यवस्था रहेको हुँदा जलचर मार्ने वा समात्ने कार्य नगर्नु नगराउनुहुन यसै सूचनाद्धारा जानकारी गराइन्छ ।






● दिगो विकास मल्टिमिडिया (प्रा.) लि.द्वारा प्रकाशित ● मुद्रण : संगम आर्टस्, हेटौंडा-२ ● कार्यालय : थाहा-४, मकवानपुर ● इमेलः bikaskhabar@gmail.com ● सम्पादक : कुमार नेगी